# सि.सि.टि.भि. खरिद तथा जडान सम्बन्धी

# अवधारणा-पत्र

१. पृष्ठभूमिः-

नेपालको संविधानले अवलम्वन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको मर्म बमोजिम प्रदेश सरकारले समेत आ-आफ्नो भूमिका निर्वाह गर्दै आईरहेको सन्दर्भमा प्रदेश भित्रको शान्ति सुरक्षालाई समेत उच्चतम महत्वका साथ हेरिनुपर्ने आवश्यकता रहेको छ। नेपालको संविधानको अनुसुची ६ मा प्रदेशको अधिकार सूची अन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा उल्लेख रहेको छ। साथै, प्रदेश नं ४ (कार्यविभाजन) नियमावलीमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यजिम्मेवारीमा प्रदेशभित्रको अपराध अनुसन्धान, रोकथाम, नियन्त्रण र प्रदेशभित्रको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन लगाएतका सुरक्षा सम्बन्धी कार्यजिम्मेवारी रहेका छन्।

प्रदेश भित्रको समग्र सुरक्षा व्यवस्था, अपराध नियन्त्रण एवम् सडक सुरक्षाका लागि विद्युतीय उपकरणको प्रयोग प्रभावकारी हुने भएको हुँदा गण्डकी प्रदेशको राजधानी पोखरा र वरपरका महत्वपूर्ण सार्वजनिक स्थानहरुका साथै ट्राफिक चाप बढ्दो अवस्थामा रहेको तनहुँ जिल्ला स्थित सडकखण्डमा सि.सि.टि.भी. जडान गरी सुरक्षा व्यवस्थालाई सुदृढ बनाउनु आवश्यक देखिन्छ ।

२. उद्देश्यः -

क. सि.सि.टि.भी. जडानबाट आपराधिक मनस्थिति भएकाहरुलाई तत्काल घटना घटाउन, अपराध तत्काल सम्पन्न गर्न हतोत्साहित गरी अपराधका घटना हुन नदिनु र आपराधिक घटनाको संख्या न्यूनीकरण गर्नु,

ख. अपराध भएका स्थानमा जडित सि.सि.टि.भि. मा कैद भएका दृश्य तथा भिडियो फुटेजलाई दसी प्रमाणको रुपमा प्रयोग गर्नु,

ग. राजमार्गमा सवारी दुर्घटना घटाएर भाग्ने(Hit and run) प्रवृत्तिलाई न्यूनीकरण गर्नु,

घ. ट्राफिक व्यवस्थापनलाई सहज बनाउनु,

ङ. विशिष्ट व्यक्तित्वहरुको आवागमनमा सहजता कायम गर्नुका साथै एवं सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनु,

च. महत्वपूर्ण सार्वजनिक स्थल तथा भौतिक संरचनाहरुको सुरक्षा गर्नु,

छ. सडकमा उपस्थित हुने सुरक्षा सम्बन्धी जनशक्तिको संख्या न्यूनीकरण गर्दै प्रविधि उन्मुख प्रशासन कायम गर्नु,

ज. अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न विद्युतीय उपकरणको प्रभावकारिता बढाउनु,

झ. आम नागरिकहरुलाई सुरक्षाको प्रत्याभूति गर्दै सुशासन कायम गर्नु आदि।

३. वार्षिक कार्यक्रमः-

आन्तरिक मामिला तथा कानून मन्त्रालयको आ.व. २०७६।०७७ को वार्षिक विकास कार्यक्रममा कार्यक्रम कोड नं.११.३.७.१, खर्च शिर्षक नं ३११२२ मा "सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि सि.सि.टि.भी. खरिद तथा जडान, कास्की" शिर्षकमा रु. ५०,००,०००(अक्षरुपी पचास लाख रुपैयाँ) र कार्यक्रम कोड नं.११.३.७.११ खर्च शिर्षक नं ३११२२ मा "राजमार्ग (दमौली-पोखरा) सडक सुरक्षाका लागि सि.सि.टि.भी. खरिद तथा जडान" शिर्षकमा रु. २५,००,०००(अक्षरुपी पच्चीस लाख रुपैयाँ) विनियोजन भएको छ। साथै, गण्डकी प्रदेश सरकार मन्त्रिपरिषदले अनुमोदन गरेको बार्षिक कार्ययोजनामा समेत उक्त कार्यक्रम दोस्रो चौमासिकमा सञ्चालन गर्ने उल्लेख रहेको छ।

४. आवश्यक पूर्वाधारः-

क. Monitoring गर्नका लागि Server सहितको Control Room(गण्डकी प्रदेश प्रहरी कार्यालयमा),
ख. फाइबर अप्टिक्स,
ग. आवश्यक अन्य उपकरण तथा भौतिक पूर्वाधारहरु आदि।

५. सि.सि.टि.भी. जडान गर्ने स्थान छनौट गर्दा ध्यान दिनुपर्ने पक्षहरुः

क) अन्य निकायसँग सहकार्य एवं समन्य गरी Duplication हुन नदिने,
ख) विशिष्ट व्यक्तित्वहरुको आवागमन हुने क्षेत्र तथा आवास रहेका स्थानहरुलाई प्राथमिकतामा राख्ने,
ग) बढी भिडभाड हुने क्षेत्र, ट्राफिक चाप अत्यधिक हुने चोकहरु, कार्यक्रम आयोजना हुने स्थानहरु आदिमा Smart Surveillance Camera जडान गर्ने,
घ) कानूनले वर्जित गरेको स्थानमा र वैयक्तिक गोपनीयता भंग हुने गरी सि.सि.टि.भी. जडान नगर्ने आदि।

६. कार्यक्रमबाट लाभान्वित पक्षः-

क. **सर्वसाधारण व्यक्तिहरुः** सर्वसाधारण सार्वजनिक स्थलमा हुने आपराधिक गतिविधिबाट जोखिमयुक्त समूह हुन्। सि.सि.टि.भि जडान पश्चात आपराधिक गतिविधि कम हुने हुँदा यसबाट पहिलो लाभान्वित पक्ष सर्वसाधारण व्यक्ति हुन्।
ख. **विशिष्ट व्यक्तित्वहरुः** सि.सि.टि.भी. को जडानबाट अति विशिष्ट तथा विशिष्ट महानुभावहरुको सुरक्षा व्यवस्थामा प्रभावकारिता आउने सक्ने हुँदा सुरक्षाको प्रत्याभूति गराउन सकिन्छ ।
ग. **सुरक्षा निकायहरुः** सि.सि.टि.भी. को जडानबाट अपराध अनुसन्धान तथा रोकथाम र नियन्त्रणमा सहजता कायम भई सुरक्षा निकायहरुको कार्यभार कम हुन जान्छ ।

७. कार्यक्रमको मोडेलः-

आन्तरिक मामिला तथा कानून मन्त्रालयको अन्य कुनै संयन्त्र नभएकोले सि.सि.टि.भी. को संचालन तथा व्यवस्थापन गर्ने निकायलाई नै अख्तियारी दिन उपयुक्त हुने देखिन्छ। तसर्थ, विनियोजन ऐन, २०७६ को दफा ५(३) मा प्रदेश वा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने व्यवस्था भए बमोजिम गृह मन्त्रालयसँग सहमति लिई सि.सि.टि.भी. खरिद तथा जडान सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरालाई अख्तियारी दिन उपयुक्त हुने देखिन्छ। साथै, सि.सि.टि.भी. जडान पश्चात् सो को प्रभावकारी संचालनको लागि समय समयमा मर्मत सम्भार गर्नु पनि महत्वपूर्ण विषय भएकोले Vendor सँग सम्झौता गर्दाका बखत नै मर्मत सम्भार गर्ने जिम्मेवारी पनि Vendor मै निहित हुने गरी सम्झौता गर्न प्रभावकारी हुने देखिन्छ।

## ८. अपेक्षित उपलब्धीहरुः-

क. सि.सि.टि.भी. जडानबाट आपराधिक मनस्थिति भएकाहरु तत्काल घटना घटाउन, अपराध तत्काल सम्पन्न गर्न हतोत्साहित गरी अपराधका घटनामा न्यूनीकरण हुने,

ख. अपराध भएका स्थानमा जडित सि.सि.टि.भि. मा कैद भएका दृश्य तथा भिडियो फुटेजलाई दसी प्रमाणको रुपमा प्रयोग गर्न मिल्ने,

ग. राजमार्गमा सवारी दुर्घटना घटाएर भाग्ने(Hit and run) प्रवृत्तिमा न्यूनीकरण हुने,

घ. ट्राफिक व्यवस्थापनमा सहजता कायम हुने,

ङ. विशिष्ट व्यक्तित्वहरुको आवागमनमा सहजता कायम हुनुका साथै एवं सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सहज हुने,

च. महत्वपूर्ण सार्वजनिक स्थल तथा भौतिक संरचनाहरुको सुरक्षा व्यवस्था कायम हुने,

छ. सडकमा उपस्थित हुने सुरक्षा सम्बन्धी जनशक्तिको संख्या न्यूनीकरण भई प्रविधि उन्मुख प्रशासन कायम हुने,

ज. अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न विद्युतीय उपकरणको प्रभावकारिता बढ्ने,

झ. आम नागरिकहरुमा सुरक्षाको प्रत्याभूति भई सुशासन कायम हुने आदि।

## ९. अनुगमन र मूल्याङ्कनः-

सि.सि.टि.भि जडान तथा यसको सुचारु रुपले सञ्चालनको क्रममा सम्वन्धित जिल्ला प्रशासन कार्यालय, गण्डकी प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट अनुगमन र मूल्याङ्कन हुनेछ र सो को प्रतिवेदन आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेशमा र आवश्यकता अनुसार अन्य सम्बन्धित निकायमा समेत हुनेछ।

१०. उपसंहारः

प्रदेशमा शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गर्ने अभिप्रायले गरिने सि.सि.टि.भी. को जडानबाट गण्डकी प्रदेशको राजधानी पोखरा, वरपरका स्थान, ट्राफिक चाप बढ्दै गईरहेको तनहुँ जिल्ला समेतका स्थानमा अपराध न्यूनीकरण गर्न र सुरक्षाको प्रत्याभूति गराउन महत्वपूर्ण सहयोग पुग्नेछ। यसबाट प्रदेश प्रहरीलाई संरचनात्मक हिसाबले श्रोत साधन सहितको उच्च मनोबलयुक्त बनाउन सकिन्छ। गण्डकी प्रदेशमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग पुग्ने र नागरिकको विश्वास जित्न सक्ने वातावरण सृजना गर्न सकिन्छ। साथै, यसबाट सुरक्षा निकायसँगको सहकार्य, समन्वय र सहअस्तित्व कायम गर्न सहयोग पुग्ने र समग्रमा गण्डकी प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम भई सुशासनमा समेत मद्दत पुग्ने देखिन्छ।